तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९४, ५२०१२९, ५२०९०९

Email: info@tansenmun.gov.np,
ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np

पत्र संख्या : १/प्र./२०७९/०८०
चनं : ३२९

मिति : २०७९।०५।०६

विषय : जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय सवै,
तानसेन नगरपालिका, पाल्पा ।

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगबाट मिति २०७९।५।२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा जारी गरिएको सूचना वडा कार्यालयको जानकारीको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । संलग्न सूचना अनुसार त्यस वडामा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन गर्न कोही बाँकी रहेको भए आयोगको प्रकाशीत सूचनाको मितिले १५ दिन भित्रमा यस कार्यालयमा जानकारी गराउनु हुन तथा सूचना वमोजिमको समयावधि भित्र छुट भएका लाभग्राहीहरुको लगत संकलन गर्ने कार्यमा आवश्यक समन्वय तथा सहयोगको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

**वोधार्थ**
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाण्डौं ।
श्री राष्ट्रिय भूमि आयोग, जिल्ला समितिको कार्यालय, पाल्पा ।

.....................
पिताम्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पिताम्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई निवेदन दिने सम्बन्धी ३५ (पैंतिस) दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति: २०७९/०५/०२)

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि विभिन्न मितिमा विभिन्न स्थानीय तहहरूका लागि ३५ दिने सूचना प्रकाशित गरिएकोमा देहाय अनुसारका स्थानीय तहहरूले विभिन्न कारण देखाई लगत संकलनको काम सम्पन्न हुन नसकेको भनी आयोगमा पुन: सूचना प्रकाशनका लागि अनुरोध गरेकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०७९/०५/०२ देखि ३५ (पैंतिस) दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेस गर्नु हुन यो सार्वजनिक सूचना पुन: प्रकाशन गरिएको छ।

तपसिल

| प्रदेश | जिल्ला | स्थानीय तहहरु |
|---|---|---|
| प्रदेश नं.१ | सुनसरी | गढी गाउँपालिका |
| | उदयपुर | त्रियुगा नगरपालिका |
| | झापा | बुद्धशान्ति गाउँपालिका, मेचीनगर नगरपालिका, कमल गाउँपालिका |
| | मोरङ | कानेपोखरी गाँउपालिका |
| मधेश प्रदेश | सिरहा | गोलबजार नगरपालिका, कर्जन्हा नगरपालिका |
| | बारा | जीतपुरसिमरा उपमहानगरपालिका |
| बागमती प्रदेश | ललितपुर | कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका |
| | काठमाडौं | गोकर्णेश्वर नगरपालिका, तारकेश्वर नगरपालिका, टोखा नगरपालिका |
| गण्डकी प्रदेश | तनहुँ | शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका |
| | बाग्लुङ | बाग्लुङ नगरपालिका |
| | स्याङ्जा | गल्याङ नगरपालिका |
| लुम्बिनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका, रामपुर नगरपालिका, रैनादेवी छहरा गाउँपालिका |
| | रुपन्देही | तिलोत्तमा नगरपालिका |
| | अर्घाखाँची | छत्रदेव गाँउपालिका, मालारानी गाउँपालिका, पाणिनी गाउँपालिका, शितगंगा नगरपालिका, सन्धिखर्क नगरपालिका, भूमिकास्थान नगरपालिका |
| कर्णाली प्रदेश | दैलेख | दुल्लु नगरपालिका, आठबिस नगरपालिका |
| सुदुरपश्चिम प्रदेश | कैलाली | भजनी नगरपालिका, लम्कीचुहा नगरपालिका, धनगढी उप-महानगरपालिका |
| | कन्चनपुर | कृष्णपुर नगरपालिका, भीमदत्त नगरपालिका, बेलडाँडी गाउँपालिका |

**द्रष्टव्य :** यस अघि निवेदन गरिसकेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले पुन: निवेदन दिनु पर्ने छैन तर निस्सा लिन सम्बन्धित वडामा सम्पर्क गर्नु पर्नेछ।

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner